नेपाली राजदूतावास
EMBASSY OF NEPAL
Colombo, Sri Lanka
Tel: 2689 656-7, Fax: 2689 655

**माल्दिभ्समा रहनु भएका नेपाली नागरिकहरु नेपाल फर्कनको लागि व्यवस्था गरिएको Chartered Flight सम्बन्धी अत्यन्त जरुरी सूचना**

माल्दिभ्सबाट नेपाल फर्कनको लागि दूतावासले उपलब्ध गराएको अनलाईन फारम बमोजिम विवरण दर्ता गर्नु भएकाहरुमध्ये प्राथमिकताका आधारमा छनौट हुनु भएकाहरुले हिमालयन एयरलायन्सको २२ जुन २०२० माले-काठमाडौं (**यस अघि २१ जुनको लागि भनिएको तर प्राविधिक कारणले २२ जुन मा सारिएको**) उडानको लागि विशेष ध्यान दिनु पर्ने कुराहरु:

- ✓ माल्दिभ्स सरकारले बिमानस्थलमा थर्मल स्किनिङ्ग गरेर उपलव्ध गराउने Health Certificate अनिवार्य रुपमा साथमा बोक्नुपर्ने । रिसोर्टले छुट्टै Health Certificate उपलव्ध गराएको खण्डमा सो पनि साथमा बोक्ने ।
- ✓ Visa/Work Permit Card को अवधि सकिएको व्यक्तिहरुको हकमा IM 34 Departure फारम को सक्कल प्रति माल्दिभ्स अध्यागमनमा वुझाउनु पर्ने हुनाले विमानस्थलमा जाँदा आफू साथै लिएर जानुपर्ने। । उक्त फारममा कम्पनीको छाप र हस्ताक्षर चाहिने हुनाले कम्पनीसँग अग्रिम सम्पर्क गर्नुहुन अनुरोध छ । IM 34 Departure फारम को लिङ्क यसप्रकार रहेको छ:
https://immigration.gov.mv/wp-content/uploads/2020/04/Emergency-Departure-IM34.pdf
- ✓ IM 34 Departure फारम माल्दिभ्सको अध्यागमन विभागको वेभसाइटमा पनि उपलव्ध छ ।
- ✓ यात्रुले पालना गर्नुपर्ने शर्त, होटल क्वारेनटाईनको खाना तथा बास खर्च, सवारी साधन तथा खाना/खाजा आदिको खर्च यात्रु स्वयंमले व्यहोर्नु पर्नेछ ।
- ✓ यात्रुले भर्नुपर्ने व्यक्तिगत विवरण फारम उडान हुनु अगावै www.ccmc.gov.np बाट डाउनलोड गरी २ प्रति भरेर साथमा राखु पर्नेछ (नेपालको विमानस्थल तथा होल्डिङ्ग एरियामा वुझाउनु पर्ने) । उक्त फारमको लिङ्क यसप्रकार रहेको छ:
http://www.ccmc.gov.np/doc_upload/nepal_return_form.pdf
- ✓ यात्रा सुरु हुनु भन्दा ५ घन्टा अगावै यात्रुले हवाई टिकट, राहदानी, माथि उल्लिखित व्यक्तिगत विवरण भरेको फारम साथमा लिई एयरपोर्ट पुगिसक्नु पर्नेछ । Visa/Work Permit Card सकिएका व्यक्तिहरुको हकमा IM 34 Departure फारमको सक्कल प्रति पनि साथमा अनिवार्य रुपमा हुनुपर्नेछ ।
- ✓ माल्दिभ्सबाट फर्कने अधिकाँशसँग PCR/RDT को Certificate नहुने हुनाले PCR Certificate प्रस्तुत गर्नसक्ने बाहेक सबैलाई होटेल क्वारेन्टिनमा राखिने व्यवस्था मिलाइएको छ । PCR Test गरेकालाई सिधै Home Quarantine मा पठाइने हुँदा संभव हुनेले PCR Test पनि गराउनुहोला ।

नेपाली राजदूतावास
कोलम्बो, श्रीलंका
१८ जुन २०२०

नेपाली राजदूतावास कोलम्बो